"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार, समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/८३

चलानी नं. :-

**करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना।**

**सूचना नं.१५-२०८२/८३**

**(दोस्रो पटक प्रकाशित मिति: २०८२/०९/२२)**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२४ र सूचना नं.१३-२०८२/८३)**

यस तिलागुफा नगरपालिकामा करार जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न शैक्षणिक श्रोत व्यक्ति (Pedagogical Resource Person) करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेघा बैंक ग१.१ तिलागुफा नगरपालिका आन्तरिक राजश्व खाता नं. ०६२०१४००२५०००९ मा रु.१,५००/- दस्तुर बुझाएको बैंक भौचर, व्यैयक्तिक विवरण, नेपाली नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, अनुभवको प्रमाण पत्रको प्रतिलिपी सहित tilagufamun@gmail.com/info@tilaguphamun.gov.np मा आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, आवश्यक योग्यता लगायत विज्ञापनको विस्तृत विवरण यस नगरपालिकाको कार्यालयको वेबसाइट http://tilaguphamun.gov.np/ मा हेर्न र दरखास्त फाराम डाउनलोड गर्न सकिन्छ।

**तपसिलः**

| विज्ञापन नं. | सेवा/समुह | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| २-२०८२/८३ | शिक्षा/शिक्षा प्रशासन | शैक्षणिक स्रोत व्यक्ती / माद्यामिक तह सरह | १ | |

**योग्यताः**

१. शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा अन्य विषयमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दश महिने सेवा कालिन तालिम प्राप्त गरेको वा माद्यामिक शिक्षकको स्थायी पदमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेको वा शिक्षा क्षेत्रमा अधिकृतस्तरको पदमा कम्तीमा दश वर्ष सेवा गरेको।
२. तालिम सहजीकरण (mentoring) तथा सिकाई सामग्री निर्माण सम्बन्धी पूर्व अनुभव भएको।
३. शिक्षक तालिमसम्बन्धी सहजिकरण गरेको , शिक्षण सामग्री निर्माण र mentoring गर्ने सिप र अनुभव भएको।
४. शिक्षकलाई तालिम दिनसक्ने सिप भएको।
५. शिक्षण अभ्यासमा शिक्षण प्रविधि (education technology) र डिजिटल सिकाई प्लेटफर्महरूको प्रयोग गर्न सक्ने अनुभव भएको।
६. समावेशी शिक्षा सम्बन्धी नीतिहरू, प्राविधिक पक्षहरूको राम्रो ज्ञान भएको।
७. राम्रो सञ्चार तथा अन्तरव्यक्ति सीप भएको।
८. कार्य जिम्मेवारीमा नवीनता र लचकता (innovation and adaptability) देखाउन सक्ने क्षमता।
९. दरखास्त दिने स्थान तिलागुफा नगरपालिका, गाल्जे, कालीकोट।
१०. विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८० बमोजिम उमेरः २१ वर्ष पूरा भई ६५ वर्ष ननाघेको।

लक्ष्मण प्रसाद चौलागाईँ
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत